NATIONAL LAND COALITION | NEPAL

**प्रेस विज्ञप्ति**

**२०८१ फाल्गुण १८ गते, आइतबार**

**स्वर्गद्धारी गुठीका मोही किसानहरूको हक सुनिश्चित गरियोस् !**

मिति २०८१ माघ २० गतेदेखि माइतीघर, काठमाडौंमा दाङका स्वर्गद्वारी गुठीका मोही किसानहरू धर्नामा छन् । मोही किसानहरुले जोतभोग गरिरहेको विशेष प्रकृतिको निजी भनिएको जमिन रैतानी गरिनुपर्ने, गुठी जग्गाबाट निष्काशित मोही किसानहरूको हक पुनर्स्थापित गरिनुपर्ने, र रैतानीवापतको तिरो वडामार्फत बुझाउने व्यवस्था गरिनुपर्ने मुख्य माग राखेका छन् ।

गत वर्ष दाङमा भएको एकमहिने आन्दोलनमा सरकारले गुठी ऐन ल्याएर समस्या समाधान गर्ने लिखित प्रतिबद्धता जनाएको थियो । तर, सोअनुसार कुनै कार्यान्वयन नभएको भन्दै किसानहरू चिन्तित छन् । आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने अठोट मोही किसानहरूले गरेका छन् ।

यसैबीच, लामो समयसम्म पनि सरकारले आन्दोलनरत मोही किसानहरूसँग वार्तासमेत नगरेको र आफ्नै प्रतिबद्धता पूरा नगरेकोप्रति भूमि, आवास, कृषि तथा सामाजिक न्यायका क्षेत्रमा कार्यरत संस्थाहरूको गम्भीर ध्यानाकर्षण भएको छ ।

किसानहरू २०४५ सालदेखि जिल्ला केन्द्रित आन्दोलन गर्दै आएका थिए । तर, सुनुवाइ नभएपछि बाध्य भएर काठमाडौं आएर आन्दोलन गर्नुपरेको बताइरहेका छन् । स्वर्गद्धारी गुठीको मोही दाङ जिल्लामा १२ मौजा (गाउँ) मा ३००५ परिवारका करिव १६,००० जनसङ्ख्या बसोबास छन् । कुल १,०५० विघा गुठी जमिनमा पुस्तौँदेखि खेती गर्दै आएका किसानहरूले अझै पनि रैतानी नम्बर प्राप्त गरेर स्वामित्व लिन सकेका छैनन्, यद्यपि उनीहरूसँग मोहीयानी पुर्जा छ ।

अत: स्वर्गद्धारी गुठीको जग्गा मोही किसानको नाममा रैतानी गर्ने गरी गुठी ऐन जारी गर्नुपर्छ भन्ने किसानको मागप्रति हाम्रो पूर्ण समर्थन छ र यथासक्य किसानको मागको सुनुवाइ गर्न र किसानलाई सहजरुपमा घर फर्कने वातावरण बनाइदिन नेपाल सरकार र सम्बन्धित सरोकारवाला समक्ष हार्दिक अपिल गर्दछौँ ।

नेपालको संविधान २०७२ को धारा २९० अनुसार, गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने तथा काठमाडौँ उपत्यका र आसपासका क्षेत्रका गुठीसम्बन्धी फरक परिवेशमा कुनै प्रकारको विघ्न नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भएका किसानहरूको हक सुनिश्चित गर्न संघीय संसदले आवश्यक कानुन बनाउने व्यवस्था गरेको छ ।

त्यसैगरी, संविधानको धारा ५१ (ङ) मा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानलाई प्राथमिकता दिएर भूमि सुधार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, अनुपस्थित भूस्वामित्वलाई निरुत्साहित गर्ने तथा किसानको हकहित संरक्षण गर्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति अपनाइनुपर्ने स्पष्ट रूपमा उल्लेख गरिएको छ ।

यी व्यवस्थाहरूले गुठी जमिन जोतभोग गरेका किसानलाई स्वामित्व प्रदान गर्ने गरी आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई निर्देशित गरेका छन्। त्यसैले, संवैधानिक निर्देशनको पालना गर्दै, स्वर्गद्वारी गुठीका मोही किसानहरूको हक सुनिश्चित गर्न तथा नेपालभर यस्तै समस्यामा रहेका गुठी जग्गासँग जोडिएका किसानहरूको स्थायी समाधानका लागि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन नेपाल सरकार र सम्बन्धित सरोकारवालाहरूलाई हामी हार्दिक अपिल गर्दछौँ ।

**ल्यामबहादुर दर्जी**
**अध्यक्ष**
**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

मोहन ओड
अध्यक्ष
**राष्ट्रिय दलित नेटवर्क**

**भगवती अधिकारी**
**कार्यकारी निर्देशक**
**नेपाल महिला एकता समाज**

**धनेज थापा**
**कार्यकारी निर्देशक**
**कोलार्प नेपाल**

**विष्णुप्रसाद** पोखरेल
**उपकार्यकारी निर्देशक**
**जुरी नेपाल**

**जगत देउजा**
**कार्यकारी निर्देशक**
सामुदायिक **आत्मनिर्भर सेवा केन्द्र**

**निराजन थपलिया**
**निर्देशक**
**एम्नेस्टी इन्टरनेसनल नेपाल**

कान्ति राजभण्डारी
अध्यक्ष
हिमवन्ती नेपाल

**शैलेन्द्र राई**
**कार्यकारी निर्देशक**
**अभियान नेपाल**

कृष्णकुमार चौधरी
अध्यक्ष
स्वान नेपाल दाङ

सलिना साङ्गाछे
परियोजना संयोजक
ए.एस.एफ. नेपाल

धर्मराज जोशी
क्षेत्रिय तथ्यांक प्रमुख
अन्तराष्ट्रिय भूमि सञ्जाल, एसिया

**सरिता लामा**
**सहजकर्ता**
**राष्ट्रिय भूमि सञ्जाल, नेपाल**